जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्षः- १५ | अंकः- ४६ | २०८२ साल भाद्र २४ मंगलवार ( September 9, 2025) | पृष्ठ संख्याः- ४ | मुल्य रु : ५।-

## डडेल्धुरामा संयुक्त बजार अनुगमन : म्याद गुज्रिएका सामान नष्ट, एक पसललाई जरिवाना

**बिगूल समाचार**
**२४ भाद्र २०८२**



डडेल्धुरा । डडेल्धुरामा उपभोक्ताको स्वास्थ्य र हितलाई ध्यानमा राख्दै सोमबार जिल्ला सदरमुकामको तुफानडाँडा क्षेत्रका विभिन्न पसलहरुमा संयुक्त बजार अनुगमन गरिएको छ ।

अनुगमनका क्रममा केही पसलहरुमा म्याद गुज्रिएका अखाद्य वस्तुहरू फेला परेका छन । सहायक प्रमुख जिल्ला अधिकारी साबित्रा पुनको नेतृत्वमा गरिएको संयुक्त अनुगमनमा विभिन्न पसलहरूबाट ५ हजार ११५ रुपैयाँ बराबरको अखाद्य वस्तु,सामानहरु नष्ट गरिएको छ भने एक पसललाइ २००० रुपैयाँ जरिवाना समेत गरिएको छ।

संयुक्त अनुगमन जिल्ला प्रशासन कार्यालय डडेल्धुरा, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय डडेल्धुरा, घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरा, आन्तरिक राजस्व कार्यालय डडेल्धुरा, जिल्ला प्रहरी कार्यालय, र पत्रकार महासंघ डडेल्धुराको संयुक्त सहकार्यमा गरिएको हो ।

अनुगमन टोलीले किराना पसल, होटल, तरकारी पसलल मासुपसल लगायत विभिन्न १० वटा पसलमा चेकजाँच गरेको थियो। यस क्रममा निम्न समस्याहरू फेला परेका छन्

केही होटलमा बिक्रीका लागि राखिएको बस्तुहरुमा लेबल र स्टिकर नभएको ।

केहिमा म्याद नाघेका अखाद्य वस्तुहरू फेला परेका छन भने केही पसलमा Sprite र Dew जस्ता पेय पदार्थहरू म्याद गुज्रिएको अवस्थामा भेटिएका थिए । यस प्रकारको बजार अनुगमनको मुख्य उद्देश्य उपभोक्तालाई ठगी, धोका वा हानि हुनबाट जोगाउनु रहेको जिल्ला प्रशासन कार्यालय डडेल्धुराका ना.सु चन्द्र रोकायाले बताए। अनुगमन टोलीले विशेषगरी निम्न कुराहरूमा निगरानी राख्ने गरेको छ ।

◆ सरकारले तोकेको वा सहमति गरिएको मूल्यभन्दा बढी असुल गरिएको छ कि छैन ।

◆ खाद्य सामग्री, औषधि, र अन्य उपभोग्य वस्तुको गुणस्तर कायम छ कि छैन ।

◆म्याद गुज्रिएका सामानको बिक्रीमा रोक लगाउने ।

◆नाप र तौलमा हुन सक्ने ठगीलाई नियन्त्रण गर्ने ।

◆बिल दिए/नदिएको र कर छलीको अवस्थाको जाँच गर्ने ।

◆खानेकुरा, औषधि, र बालबालिकाले प्रयोग गर्ने सामग्रीमा स्वास्थ्यका लागि हानिकारक तत्व छन् कि छैनन् भनेर परीक्षण गर्ने ।

अनुगमनका क्रममा केही पसलहरूलाई तत्काल सुधारका लागि सुझाव पनि दिइएको छ । विशेषगरी, तरकारी पसलहरूलाई मूल्यसूची राख्न र होटलहरूलाई सरसफाइमा विशेष ध्यान दिन निर्देशन दिइएको छ। एक पसललाइ भने म्याद गुज्रिएका सामान बेचेको कारण २००० रुपैयाँ जरिवाना पनि गरिएको छ। यस प्रकारको अनुगमनले बजारमा पारदर्शिता र गुणस्तर कायम गर्न मद्दत पुग्ने विश्वास गरिएको रोकायाले बताए ।

## 'जेन-जी' प्रदर्शन अपडेट : १९ जनाको मृत्यु, ३४७ जना घाइते

**बिगूल समाचार**
**२४ भाद्र २०८२**



काठमाडौं । सोमबार देशभर भएको 'जेनजी' पुस्ताको प्रदर्शनका क्रममा १९ जनाको मृत्यु भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको जानकारी अनुरसार हहालसम्म ३४७ जना घाइते भएको जनाएको छ । मन्त्रालयका अनुसार सिभिल अस्पतालमा उपचार गर्ने क्रममा तीन जनाको मृत्यु भएको छ भने १०० जनाको उपचार भइरहेको छ। यस्तै वीर अस्पतालमा ६ जनाको उपचार भइरहेको छ। राष्ट्रिय ट्रमा सेन्टरमा ५९ जना उपचाररत छन् भने उपचारका क्रममा आठ जनाको मृत्यु भएको छ।

यसैगरी बानेश्वरस्थित एभरेष्ट अस्पतालमा १०२ जना घाइतेको उपचार भइरहेको र तीन जनाको मृत्यु भइसकेको जानकारी प्राप्त भएको मन्त्रालयले जनाएको छ। आठ जनालाई अन्यत्र रेफर गरिएको छ। यस्तै, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चार जनाको उपचार भइरहेको छ । काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालमा ३७ जनाको उपचार भइरहेको छ भने उपचाररत दुई जनाको मृत्यु भएको छ। घाइतेमध्ये ६ जनाको शल्यक्रिया गर्नुपर्ने अस्पतालले जनाएको मन्त्रालयले उल्लेख गरेको छ।

यसैगरी,नर्भिक अस्पतालमा तीन जनाको उपचार भइरहेको छ । मन्त्रालयले त्रिवि शिक्षण अस्पतालमा १८ जनाको उपचार भइरहेको र एक जनाको मृत्यु भइसकेको जनाएको छ। काठमाडौं उपत्यकाबाहिर गण्डकी मेडिकल कलेजमा एक जना, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दुई जना, विराट मेडिकल कलेजमा चार जना, दमक अस्पतालमा सात जनाको उपचार भइरहेको पनि स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

**सुचना ! सुचना ! सुचना !**

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. १२ को कार्यालय
डडेल्धुरा

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

## भागेश्वर गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा

लाल बिगुल राष्ट्रिय दैनिक
२०८२ साल भाद्र २४ मंगलवार


## सम्पादकीय

### आन्दोलनको मूल कारण : कुशासन र भ्रष्टाचार

नेपालमा हिजो भएको रक्तपातपूर्ण घटनाले देशलाई गहिरो प्रश्नको सामु ल्याइदिएको छ । सामाजिक सञ्जालमाथि सरकारले अचानक लगाएको प्रतिबन्धको विरोधमा सडकमा उत्रिएका युवामाथि गोली चल्दा डेढ दर्जनभन्दा बढीको जीवन गुम्यो । यो केवल एउटा आकस्मिक निर्णयको परिणाम मात्र होइन दशकौंदेखि थुप्रिँदै आएको राजनीतिक कुशासन, गहिरिँदै गएको भ्रष्टाचार र दलगत स्वार्थमा डुबेको शासन व्यवस्थाको प्रतिफल हो । सामाजिक सञ्जाल प्रतिबन्ध त एउटा ट्रिगर मात्रै थियो, वास्तविक कारण भने राज्य सञ्चालनको चरम असफलता र गैरजिम्मेवारी हो ।

नेपालको लोकतान्त्रिक यात्राले पछिल्ला तीन दशकमा धेरै उतार-चढाव भोगिसकेको छ । बहुदलको पुन:स्थापना, जनआन्दोलन, द्वन्द्व, गणतन्त्र र संघीय संरचनायी सबै राजनीतिक उपलब्धिहरू कागजमा त हासिल भए तर कार्यान्वयनमा भने बारम्बार असफलता देखियो ।

सामाजिक सञ्जाल आजको जीवनशैलीको अभिन्न अंश भइसकेको छ। व्यापार, शिक्षा, स्वास्थ्य, कृषिदेखि सामाजिक सम्बन्धसम्म सबै क्षेत्रमा यसको प्रयोग हुन्छ । यसलाई अकस्मात बन्द गर्नु भनेको नागरिकलाई अन्धकारमा धकेल्नु हो । तर हाम्रो राजनीतिक नेतृत्वले यसको महत्व बुझ्नै चाहेनन् । बरु, आलोचना सहन नसक्ने प्रवृत्तिबाट ग्रसित भई नियन्त्रणको बाटो रोजे । जब अभिव्यक्तिको अधिकार कुण्ठित गरिन्छ, तब समाजमा असन्तोष बढ्छ । यही असन्तोष सडकमा विस्फोट भएर प्रकट भयो ।

युवाहरूले उठाएको आवाज केवल सामाजिक सञ्जाल खोल्ने माग मात्र होइन। उनीहरूको माग मूलत: प्रणालीगत सुधारसँग गाँसिएको छ । उनीहरू भ्रष्टाचारको अन्त्य चाहन्छन्, दलीयकरणबाट मुक्त शिक्षा र प्रशासन चाहन्छन्, कानुन सबैका लागि बराबरी लागू होस् भन्ने चाहन्छन् । तर सत्तामा बसेका नेताहरू यस्ता मागसँग संवेदनशील देखिएनन् । बरु उनीहरूले आफ्ना गलत निर्णयलाई जोगाउन दमनको बाटो रोजे ।

कुशासन र भ्रष्टाचारले नेपालको राजनीति र समाजलाई भित्रैदेखि खोक्रो बनाएको छ । ठूला दलका नेताहरू बारम्बार सत्तामा पुगे तर विकास र सुशासनका एजेन्डा कहिल्यै प्राथमिकतामा आएनन् । उल्टै, तिनै नेताहरूले कानुन मिच्दा उन्मुक्ति पाए भने सामान्य नागरिकले सानो गल्तीमै सजाय भोग्नुपर्यो । यस असमानताले युवाको मनमा गहिरो आक्रोश जन्माएको छ ।


नेपालको राजनीतिक नेतृत्व अहिले नैतिक धरातल गुमाइसकेको छ । प्रधानमन्त्री केपी ओली बारम्बार सामाजिक सञ्जालविरुद्ध असहिष्णु देखिए, त्यसलाई नियन्त्रण गर्ने जुनसुकै बहाना खोजे । अर्कोतर्फ, कांग्रेस सभापति शेरबहादुर देउवा स्वतन्त्रताको हिमायती भन्ने भए पनि व्यवहारमा सत्ताको मोहले उनीलाई मौन रहन बाध्य बनायो । दुवै नेताको यो प्रवृत्ति जनताप्रति जिम्मेवार नभएर केवल सत्ताप्रतिको मोहमा आधारित देखिन्छ ।

आजको आन्दोलनलाई केवल “युवाको आक्रोश” भनेर खारेज गर्न सकिन्न । यो वास्तवमा लामो समयदेखि राज्यले समाधान गर्न नसकेका समस्याहरूको विस्फोट हो । शिक्षा प्रणाली राजनीति र भ्रस्टाचारले ग्रस्त छ, स्वास्थ्य सेवा पहुँच बाहिर छ, रोजगारीका अवसर अभाव छन्, न्यायपालिका माथि पनि जनताको विश्वास हराउँदै गएको छ। यी सबै समस्याको जरामा कुशासन र भ्रष्टाचार छन्।

महाभारतमा भनिएझैं, समयले उत्पत्ति गर्छ र समयले नै संहार गर्छ। नेपालका पुराना नेताहरूले दशकौंसम्म नेतृत्व गरेर पनि देशलाई सही बाटो देखाउन नसकेको आजको वास्तविकता हो । उनीहरूको राजनीतिक समय सकिएको छ । अब नयाँ पुस्तालाई अवसर दिनुपर्छ, नयाँ नेतृत्व र नयाँ राजनीतिक संस्कृतिबाट मात्रै देशलाई अगाडि बढाउन सकिन्छ ।

आन्दोलनको तात्कालिक कारण मूल कारण भने कुशासन र भ्रष्टाचार नै हो । जबसम्म यी समस्याको अन्त्य हुँदैन, तबसम्म यस्ता आन्दोलन र असन्तोष बारम्बार देखा पर्छन् । लोकतन्त्रलाई बलियो बनाउन र जनताको विश्वास पुन:स्थापित गर्न अब दलहरूले यथार्थ स्वीकार गरेर सुधारका बाटोमा हिंड्नैपर्छ । नेपालमा हिजो भएको रक्तपातपूर्ण घटनाले देशलाई गहिरो प्रश्नको सामु ल्याइदिएको छ। सचेत हुन आवश्यक छ ।

# प्रधानमन्त्रीको चीन भ्रमण कति सफल ?



**मोहनविक्रम सिंह**

**सुगौली सन्धिअनुसार काली नदीभन्दा पूर्वको भूमि नेपालको सरहद हो । त्यो भूमिमा भारतले कब्जा जमाएको छ । चीनले त्यही क्षेत्रअन्तर्गतको लिपुलेकमा भारतसितको व्यापारका लागि नाका बनाएर भारतले नेपालको भूमिमा गरेको कब्जालाई मान्यता दिएको छ त्यसकारण, चीनको त्यो नीति पनि नेपालको सार्वभौमिकता र राष्ट्रियताका विरुद्ध छ ।**

लिपुलेकलाई व्यापारिक नाका बनाउनका लागि एक दशक पहिले चीन र भारतले सम्झौता गरेका थिए र अहिले चिनियाँ प्रधानमन्त्रीको भारत भ्रमणको बेलामा त्यो सम्झौतालाई निरन्तरता दिन दुवै देशहरूले समझदारी गरेका छन् । प्रधानमन्त्री ओलीले चीन भ्रमणको बेलामा चीनका राष्ट्रपतिसित त्यो प्रश्नमा आपत्ति प्रकट गरेको चीनस्थित नेपाली दूतावासले बताएको छ। तर त्यो विषयलाई ओलीले आधिकारिक रूपमा उठाएको भन्ने कुरा कतैबाट पुष्टि हुँदैन । किनभने चीनका तर्फबाट त्यो कुराको कुनै उल्लेख गरेको देखिँदैन ।

त्यसैगरी ओलीले त्यसबारे केही भनेको भए पनि त्यसलाई आधिकारिक मान्नका लागि कुनै आधार छैन। उक्त विषयमा चीनका राष्ट्रपतिले लिपुलेकसम्बन्धी विषय नेपाल र भारतका बीचको द्विपक्षीय विवादको विषय भएको हुनाले त्यसबारे चीनको कुनै सरोकार नभएको बताएको भनिएको छ । निश्चय नै लिपुलेकसम्बन्धी विषय नेपाल र भारतका बीचको विवादको विषय हो। तर त्यो विषय चीनसित पनि जोडिन गएको छ, किनभने चीन र भारत दुवै देशले त्यसलाई आफ्नो व्यापारिक नाका बनाउने सम्झौता गरेका छन् । नेपालको सार्वभौम भूमिमा नेपालको सहमतिविना त्यस प्रकारको सम्झौता गरेर चीनले पनि नेपालको भूमिमा अनधिकृत प्रकारले हस्तक्षेप गरेको छ । त्यसैले लिपुलेकबारे गरिएको सम्झौतामा भारतजस्तै चीन पनि दोषी भएको छ ।

चीन र भारतले केही वर्ष पहिले पनि नेपाली भूमि लिपुलेकबारे त्यही प्रकारको सम्झौता गरेका थिए र हामीले त्यसको विरोध गरेका थियौं र अहिले पनि हामीले उनीहरूको त्यस प्रकारको नीतिको कडा शब्दमा विरोध र भर्त्सना गर्दछौं । हामीले सरकारसित चीन र भारतले लिपुलेकबारे गरेको त्यसप्रकारको सम्झौताको कडा विरोध गर्न माग गर्दछौं ।

हाम्रो पार्टीले चीन र भारत दुवैलाई साम्राज्यवादी देशहरू मान्दछ। अहिले उनीहरूले लिपुलेकबारे गरेको सम्झौताबाट उनीहरू दुवैको साम्राज्यवादी चरित्र नै प्रकट भएको छ । भारतले लिपुलेकका साथै लिम्पियाधुरा र कालापानी क्षेत्रमा पनि कब्जा जमाएको छ। चीनले आफ्नो नयाँ नक्सामा त्यो क्षेत्र नेपालमा भएको देखाएको छैन । त्यसैले नेपालको राष्ट्रियता र सार्वभौमिकताका विरुद्ध ती दुवै देशहरूले आपसमा साँठगाँठ गरेको देखिन्छ ।

सुगौली सन्धिअनुसार काली नदीभन्दा पूर्वको भूमि नेपालको सरहद हो । त्यो भूमिमा भारतले कब्जा जमाएको छ । चीनले त्यही क्षेत्रअन्तर्गतको लिपुलेकमा भारतसितको व्यापारका लागि नाका बनाएर नेपालको भूमिमा गरेको कब्जालाई मान्यता दिएको छ र, त्यसकारण, चीनको त्यो नीति पनि नेपालको सार्वभौमिकता र राष्ट्रियताका विरुद्ध छ ।

चीनले जारी गरेको नयाँ नक्सामा भारतले कब्जा गरेको नेपालको त्यो कालापानी क्षेत्रलाई नेपालमा देखाइएको छैन । त्यो नीतिले पनि बताउँछ कि चीन त्यो भूमि नेपालको भएको भनेर स्वीकार गर्न तयार छैन । चीन र भारतको युद्धका बेलामा भारतीय सेना त्यहाँ आएर अस्थायी रूपले बसेको थियो। पछि त्यसले त्यो भूमिलाई भारतको नक्सामा नै सामेल गरेको छ । अब भारतका सञ्चार माध्यमहरूले पनि भारतको भूमिमाथि नेपालले दाबी गरेको भनेर नेपालमाथि नै आरोप लगाउने गरेका छन् ।

भारतका राजनीतिक पार्टीहरूले पनि भारतको त्यो दाबीलाई विरोध गरेको पाइँदैन । यहाँसम्म कि भारतका विभिन्न दक्षिणपन्थी, वामपन्थी शक्तिहरूले पनि त्यसबारे साहसपूर्वक आफ्नो दृष्टिकोण राख्न सकेका छैनन् । कतिपयले बढीभन्दा बढी त्यो विषय नेपाल र भारतका बीचको सीमा विवाद मात्र बताएका छन् र त्यो भूमि नेपालकै हो र भारतले त्यसमाथि कब्जा गरेको छ भन्न सकेका छैनन् । त्यसले उनीहरूको अन्धराष्ट्रवादी दृष्टिकोणलाई नै बताउँछ ।

हामीले पहिलेदेखि नै यो कुरामा जोड दिँदै आएका छौं कि भारतद्वारा कालापानी क्षेत्रलाई कब्जा गरेको विषय वा लिपुलेकलाई नेपालको सहमतिविना आफ्नो व्यापारिक नाका बनाएको विषयलाई अन्तर्राष्ट्रियकरण गर्नुपर्दछ। तर नेपालका अहिलेसम्म बनेका कुनै पनि सरकारले त्यस प्रकारको पहलकदमी गरेका छैनन् र उनीहरूले भारत वा चीनप्रति दब्बु नीति अपनाउने गरेका छन् । नेपालका विभिन्न सरकारहरूको त्यस प्रकारको नीतिलाई हाम्रो पार्टीले कडा शब्दमा आलोचना गर्दै आएको छ ।

राजावादीहरूले यो दाबी गर्ने गरेको पाइन्छ कि राजाको शासन कायम भएमा देशको राष्ट्रियता र सार्वभौमिकताको रक्षा हुनेछ । तर यहाँ यो उल्लेखनीय छ कि भारतले कालापानीमा कब्जा गर्दा नेपालमा महेन्द्र नै राजा थिए र कतिपय मन्त्रीहरूले त्यो अतिक्रमणप्रति राजाको ध्यान आकर्षित गर्दा पनि उनले भारतको त्यो सैनिक अतिक्रमणको कुनै विरोध नगर्न निर्देशन दिएका थिए । भारतलाई सेना राख्न दिनु, आफ्नो देशको नक्साबाट उक्त क्षेत्र हटाउनु, त्यस क्षेत्रमा नयाँ नापी नगर्नु, त्यस क्षेत्रका जनतालाई नेपालसँग जोड्नका लागि अपनाइने जनगणना, निर्वाचन, मालपोत संकलनलगायत सम्पूर्ण विधिहरू खारेज गर्नु सक्रीय राजतन्त्रकालका मुख्य कमजोरी हुन् ।

पछि पनि कालापानीमा भारतीय कब्जाका विरुद्ध कुनै राजाले आवाज उठाएनन् । अहिले पनि पूर्वराजा ज्ञानेन्द्रले त्यहाँ भारतीय कब्जाका विरुद्ध कुनै आवाज उठाएका छैनन् । त्यसरी यो कुरा प्रष्ट छ कि नेपालमा पुन: राजाको सत्ता कायम भयो भने पनि भारतले कालापानीमा गरेको कब्जा वा भारतले नेपालमा गर्ने कुनै हस्तक्षेप वा कारवाहीको कुनै विरोध गरिने छैन । त्यसको सट्टा उनीहरूको जोड भारतसित साँठगाँठ गरेर आफ्नो गल्ती जोगाउने नै हुनेछ ।

अहिले ओलीको चीन भ्रमणको बेलामा चीन सरकारका तर्फबाट जारी गरिएको एउटा विज्ञप्तिमा नेपालले चीनको ग्लोबल सेक्युरिटी इनिसियटिभ (जिएसआई)लाई समर्थन गरेको कुरा बताइएको छ, यद्यपि नेपालका तर्फबाट आधिकारिक रूपमा त्यो कुरा स्वीकार गरिएको छैन ।

यदि चीनले एकतर्फी रूपमा नै त्यस प्रकारको विज्ञप्ति निकालेको भए नेपाल सरकारले सार्वजनिक रूपमा नै खण्डन गर्नुपर्छ । हाम्रो पार्टीले नेपाल कुनै पनि प्रकारको सुरक्षा वा सैनिक गठबन्धनमा सामेल हुने कुरालाई दृढतापूर्वक विरोध गर्दछ ।

त्यही नीतिअनुसार हामीले इन्डोप्यासिफिक रणनीति अन्तर्गतको एमसिसीलाई नेपालको संसदद्वारा पारित गर्ने कार्यको विरोध गरेका थियौं र जिएसआई जस्तो कुनै सुरक्षा गठबन्धनमा सामेल हुने कुराको पनि दृढतापूर्वक विरोध गर्दछौं ।

**सुचना ! सुचना ! सुचना !**

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

**अजयमेरू गाउँपालिका**
**वडा नं. २ को कार्यालय**
**डडेल्धुरा**

**पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश**

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**पाटन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पाटन बैतडी**

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

- लाल बिगूल दैनिकः- ९८५८७५१६००/९८०५५९९७५०
- जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- ०९६-४२०१३३/४२०५५५
- जिल्ला अदालत डडेल्धुराः- ०९६-४२०१३०/४२०४८३
- जिल्ला समन्वय समिति डडेल्धुराः- ०९६-४१०१४४
- जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- ०९६-४२०१९९/४२०१७६
- रणबम गण दहब्यारेक डडेल्धुराः- ०९६-४२०२००/४२०५००
- राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः ०९६-४२०१७७
- रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- ९८५१२७२५१३
- डडेल्धुरा अस्पताल डडेल्धुराः- ०९६-४१०२४५/४२०१६५
- शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- ०९६-४२०१३५
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- ०९६-४१०११४
- खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१५०
- स्वास्थ्य कार्यालय डडेल्धुराः- ०९६-४१०११८/४१०२३८
- डिभिजन बन कार्यालय डडेल्धुराः- ०९६-४२०१४५
- जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- ०९६-४२०२३७
- जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१२५
- कृषि ज्ञान केन्द्र डडेल्धुराः- ०९६-४१०११२
- भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- ०९६-४१०११५
- मालपोत कार्यालय डडेल्धुराः- ०९६-४१०१७१
- नापी कार्यालय डडेल्धुराः- ०९६-४१०१६७
- कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- ०९६-४१०१७७
- जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- ०९६-४१०१०६
- घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- ०९६-४१०१६४
- तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- ०९६-४२०१७५
- जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- ०९६-४१०१५४
- जिल्ला हुलाक कार्यालय डडेल्धुराः- ०९६-४२०१४१
- शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- ०९६-४१०१८५
- जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- ०९६-४२०२२१
- डडेल्धुरा कारागार शाखाः- ०९६-४१९२१५
- जिल्ला खेलकुद समिति डडेल्धुराः- ९८४८७२८२६३
- यातायात कार्यालय डडेल्धुराः- ०९६-४२०२४१
- सामाजिक विकास कार्यालय डडेल्धुराः- ९८५८७८३२३२
- अमरगढी नगरपालिका डडेल्धुराः- ०९६-४१०२२२
- परशुराम नगरपालिका डडेल्धुराः- ०९६-४११००४
- अजयमेरू गाउँपालिका डडेल्धुराः- ९८५५७८५५५०
- गन्यापधुरा गाउँपालिका डडेल्धुराः- ९८५८७८८७०७
- आलिताल गाउँपालिका डडेल्धुराः- ९८५८७८१०२०
- भागेश्वर गाउँपालिका डडेल्धुराः- ९८४१९६३८९६
- नवदुर्गा गाउँपालिका डडेल्धुराः- ९८५८७४५४३०
- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- ०९६-४१००९२
- आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- ०९६-४१०३०८
- खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- ९८५८७७५००४
- पूर्वाधार विकास कार्यालय डडेल्धुराः- ०९६-४१००६१
- राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- ०९६-४२०२१३/४२०२१४
- नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- ०९६-४२०२४५/४२०४७५
- दुरसञ्चार कार्यालय डडेल्धुराः- ०९६-४२०१०८
- साल्ट ट्रेडिङ्ग डडेल्धुराः- ९८४८८०५५८२
- जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- ०९६-४११००८
- इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- ०९६-४११०७२
- डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- ०९६-४२००६३
- बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- ९८५८७५३०५५
- डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- ०९६-४२०३५३
- जिल्ला रेडक्रस ब्लडका लागिः- ९८४७०९०१७४
- एम्बुलेन्स डडेल्धुरा अस्पतालः- ०९६-४१०१६५
- उद्योग विणिज्य संघ डडेल्धुराः- ०९६-४२०६११
- बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- ०९६-४१००१३
- रुडुक डडेल्धुराः- ०९६-४१०४०२
- महिला मुक्ति समाज डडेल्धुराः- ०९६-४२०३८९
- एकीकृत विकास समाज डडेल्धुराः- ०९६-४२०१७९
- हरमस नेपालः- ०९६-४२०१४७
- नेपाली काङ्ग्रेस डडेल्धुराः- ०९६-४२०१६९
- नेकपा एमाले डडेल्धुराः- ०९६-४१०१०५
- नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- ९८५११५१००८
- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ९८४९७११५३८
- नेकपा एकीकृत समाजवादी डडेल्धुराः- ९८५८७५१४३५
- डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- ०९६-४१०१८९
- त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- ९८५८७८६२५८
- भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- ०९६-४२०७५०
- मिहेन्द्र मा.वि. डडेल्धुरा :- ९८४८७६६०३०
- न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- ०९६-४१०११६

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

## सुदुरपश्चिम प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि बिकास निर्देशनालय

Email:- akcdadeldhura@gmail.com

# कृषि ज्ञान केन्द्र

प.स. २०८२/८३ मिति २०८२/०५/२०

च.नं.

डडेल्धुरा

२०७५

### विभिन्न कृषि विकास कार्यक्रम संचालनका लागी आवेदन पेश गर्ने सम्वन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८२/०५/२०)

कृषि ज्ञान केन्द्र, डडेल्धुराको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकाले ईच्छुक कृषक/कृषि फर्म/कृषक समुह/सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मिति देखि २१ दिन भित्र २०८२/०६/०९ गते सम्म कार्यालय समय भित्र, सूदुरपश्चिच प्रदेश कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्धन। पहिलो संसोधन नियमावली २०८० को अनुसूची-५ (नियम १४ को उपनियम (३) अनुसार निर्दिष्ट आवेदन फारम भरी तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र, डडेल्धुरा वा सम्वन्धित स्थानिय तहको कृषि विकास शाखामा निवेदन साथ राजश्व बुझाएको नगदी रसिदको पहिलो प्रति वा बैंक भौचर पेश गर्न हुन संवन्धित सवैका लागी यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | कर्यक्रम संञ्चालन हुने स्थान | नियुनतम मापदण्ड | कार्यक्रमको प्रक्रिया |
|---|---|---|---|---|
| १ | फलफुल नरसरी स्थापना/सुदृढीकरण कार्यक्रम | जिल्ला भरी | नरसरी ब्यवसाय दर्ता गरी हिउदे तथा वर्षेफलफुल बिरुवा उत्पादन गरी विक्रि वितरण गरि रहेको फर्म समुह तथा सहकारी हुनु पर्ने छ । साथै कलमी विरुवा उत्पादन गरिरहेकोलाई प्राथमिकता दिइने छ । | कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्धन नियमावली संसोधन २०८० बमोजिम |
| २ | साना सिचाई निर्माण कार्यक्रम | जिल्ला भरी | ब्यवसायिक कृषि खेति गरेको र विगत २ वर्ष यता कार्यक्रममा समावेस नभएको फर्म समुह तथा सहकारी हुनु पर्ने छ । | कृषि तथा पशुपन्छी ब्यवसाय प्रवर्धन नियमावली संसोधन २०८० बमोजिम |
| ३ | कृषि अध्ययन गरेका वा विदेशबाट फर्किएका कृषि उद्यम गर्ने युवाहरूको उद्यमशीलता विकास सहयोग | जिल्ला भरी | कृषि विषय पढी बेरोजगार वा कृषि पेशामा संलग्न युवा, विदेशबाट फर्केका कृषि ब्यवसाय गर्नु इच्छुक युवाहरू (विदेशबाट फर्केको प्रमाण पेश गर्नु पर्ने छ । | संसोधन २०८० बमोजिम |

**आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :**

१. रु १० को टिकट टाँस गरिएको सुदुरपश्चिच प्रदेश कृषि तथा पशुपनछी ब्यवसाय प्रवर्धन । पहिलो संसोधन नियमावली २०८० को अनुसूची-५ नियम १४ को उपनियम (३) संग सम्वन्धित अनुसार निर्दिष्ट प्रस्ताव फारम ।
२. समुह/सहकारी/कम्पनीको हकमा निवेदन पेश गर्ने निर्णयको प्रतिलिप ।
३. ब्यक्तीका हकमा नेपाली नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि/कृषि फर्म /सहकारी तथा कम्पनीका हकमा फर्म दर्ता प्रमाण पत्र, PAN दर्ता प्रमाण, करचुक्ता प्रमाण पत्र, नविकरण पमाण पत्र तथा लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. कृषक/कृषि फर्म/समुह/सहकारी/कम्पनीहरुले कार्यक्रममा सहभागी हुन चाहने कृषकको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी ।
५. अन्य संघिय र स्थानिय निकायबाट अनुदान प्राप्त गरेका र दोहोरो परेका कृषक/फर्म/समुह/सहकारी तथा कम्पनीहरुलाई कार्यक्रममा समावेश गरिने छैन ।
६. गत २ आ.व सम्म कुनै पनि कार्यक्रममा समावेश नभएको कृषक/कृषि फर्म/समुह/सहकारी/कम्पनी लाई प्रथमिकता दिईनेछ ।

नोटः- आवेदन पेश गर्दा अनुदानग्राहीले सूदुरपश्चिच प्रदेश कृषि तथा पशुपनछी ब्यवसाय प्रवर्धन (पहिलो संसोधन नियमावली २०८०) को अनुसूची-५ नियम १४ को उपनियम (४) वमोजिम रु १ लाख सम्मको अनुदान माग गरेमा निशुल्क, रु १लाख देखी रु ५ लाख सम्मको अनुदान माग गरेमा रु ३०० र रु ५ लाख भन्दा वढीको अनुदान माग गरेका कार्यक्रमका लागी रु १००० निवेदन दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्ने छ ।

**बैंक सम्वन्धि जानकारी :**

बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक
कार्यालय कोडः ३१२०१७५०२७
कार्यालयको नाम : कृषि ज्ञान केन्द्र डडेलधुरा ।
प्रयोजनः अन्य प्रशासनिक शुल्क
राजश्व शिर्षक नः १४२२९

**थप जानकारीका लागीः**

राम सिह बोहराः- ९८५८७७७५९२
लक्ष्मी भट्टः- ९८४८७७१३६६
पुष्प ओझाः- ९८६८३६८०८५

.............................
नरेन्द्र पनेरू
बागवानी विकास निर्देशक

## सुचना ! सुचना ! सुचना !

**ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

भागेश्वर गाउँपालिका
वडा नं. ४ को कार्यालय
बगरकोट, डडेल्धुरा

## सुचना ! सुचना ! सुचना !

**ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

भागेश्वर गाउँपालिका
वडा नं. ३ को कार्यालय
डडेल्धुरा

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. ४ को कार्यालय
डडेल्धुरा



व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

नवदुर्गा गाउँपालिका
वडा नं. ३ को कार्यालय
डाडाबन डडेल्धुरा


# डडेल्धुरामा जेन्जी पुस्ताको आन्दोलन
## बसपार्कदेखि प्रशासन कार्यालयसम्म नाराबाजी

**भिम दाहाल**
**२४ भाद्र २०८२**



डडेल्धुरा। डडेल्धुरामा जेन्जी पुस्ताका युवाहरूले "नयाँ युवा, नयाँ नेपाल" भन्ने नारासहित सडक आन्दोलन थालेका छन्। सोमबार डडेल्धुरा बसपार्कदेखि जिल्ला प्रशासन कार्यालयसम्म जुलुस निकाल्दै उनीहरूले नाराबाजी गरेका छन्।

आन्दोलनमा सहभागी युवाहरूले भ्रष्टाचार, बेरोजगारी, र राजनीतिक अस्थिरताविरुद्ध आवाज उठाउँदै परिवर्तनको माग गरेका छन्। उनीहरूले नयाँ पुस्ताले नेतृत्व गर्ने समय आएको भन्दै शान्तिपूर्ण आन्दोलनलाई निरन्तरता दिने चेतावनी पनि दिएका छन्।

यसैबीच, काठमाडौं उपत्यका सहित देशका ठूला सहरहरूमा पनि जेन्जी पुस्ताका युवाहरू आन्दोलनमा उत्रिएका छन्। विभिन्न ठाउँमा प्रर्दशन, जुलुस र विरोधसभा आयोजना गरिएको छ।

आन्दोलनकारीहरूले सरकार र राजनीतिक दलहरूलाई युवामैत्री नीतिहरू ल्याउन र प्रणालीगत सुधार गर्न दबाब दिने उद्देश्य राखेका छन्।


सुचना समाचार विज्ञापनका लागि लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला ।



## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**



## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा



## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा



## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मण्लिेक, डडेल्धुरा



## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपूर, डडेल्धुरा**



डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा